

## अन्य सेवाहरू:

**ब्लास्टोसीस्ट प्रत्यारोपण सेवा :**

IVF प्रयोगशालामा राखिएको भ्रुण २ देखि ४ कोषिकाबाट १६ कोषिकायुक्त भ्रुणमा विकसित भएपछि त्यसलाई ब्लास्टोसीस्ट भनिन्छ । गुणस्तरीय ब्लास्टोसीस्टलाई प्रत्यारोपण्को लागि पाठेघरमा स्थानान्तरण गरिन्छ ।



## भ्रुण/अण्डा/ शुक्राणु चिस्यान प्रक्रियाद्धारा संरक्षण (Embryo/ Egg/Sperm/Cryopreservation)

यो एक प्रजनन् संरक्षण प्रणाली हो । यसमा रेडियोथेरापी र केमोथेरापी बिधिबाट उपचार गर्ने योजना भएका दम्पति, जस्को भविष्यमा भ्रुण/अण्डा/ शुक्राणुमा कमिकमजोरी आउन सक्ने सम्भावना देखिन्छ र विदेश जाने श्रमिकहरुको भविष्यको प्रजनन्को सुरक्षा लागि उनीहरुको भ्रुण/अण्डा/ शुक्राणु संरक्षण गर्न सकिन्छ ।

## पुरुष बाँझोपन उपचार सेवा :

नेपाल परिवार नियोजन संघले पुरुषहरूको उपचारका लागि औषधी तथा सामान्य शल्यक्रिया सेवा पनि प्रदान गर्दै आएको छ । सर्जिकल टेस्टिकुलर स्पर्म यास्पीरेसन (TESA: Testicular sperm aspiration) र मेडिकल व्यवस्थापन मार्फत पुरुष बाँझोपन उपचार गरिन्छ ।


## आईभीएफ (IVF) उपचारका चरणहरु :

**आई भी एफ (IVF) उपचारका दश चरणहरू छन् :**

१. रगतको जाँच एवं हार्मोनको परीक्षण ।
२. पाठेघरको जाँच एवं अण्डा बहिनी नलीको परीक्षण ।
३. पुरुषको विर्य परीक्षण ।
४. महिलाको अण्डशयमा डिम्बको उत्पादन एवं विकासको भिडियो मार्फत परीक्षण ।
५. डिम्बको उत्पादन बढाउन औषधी वा हार्मोन सुईको व्यवस्थापन ।
६. डिम्बको निष्काशन गराउन हर्मोन सुई व्यवस्थापन ।
७. अण्डाशयबाट परिपक्क डिम्बहरूको पुनः प्राप्ति (Ocytes Retrieveal) गर्ने सामान्य शल्यक्रिया ।
८. गुणस्तरीय डिम्ब र शुक्राणुलाई डिस्क वा टेष्ट्युबमा प्रजनन् (Fertilization) गराउने प्रक्रिया ।
९. अण्डा र शुक्राणुलाई संयोजन गराई विकसित भएको भ्रुणलाई उपयुक्त वातावरणमा प्रयोगशालामा व्यवस्थापन ।
१०. स्वस्थ भ्रुणको पहिचान र महिलाको पाठेघरमा प्रत्यारोपण ।

माथि उल्लेखित **IUI, IVF / ICSI** प्रविधिहरुबाट जन्मिएका शिशुहरू अन्य सामान्य शिशुहरू जस्तै स्वस्थ हुन्छन् । नेपाल परिवार नियोजन संघले आफ्ना सेवाग्राहीहरुका लागि "स्वस्थ आमाबावु, स्वस्थ बच्चा" जन्माउने अभिलाशा पुरागर्न केन्द्रीय क्लिनिक मार्फत गुणस्तरीय र विभेदरहित बाँझोपन उपचार सेवा प्रदान गर्दै आएको छ ।

**सबैको सुस्वास्थ्य र सेवामा समर्पित**





**थप जानकारीका लागि**

FPAN
नेपाल परिवार नियोजन संघ

**नेपाल परिवार नियोजन संघ**
केन्द्रीय कार्यालय
पुल्चोक, ललितपुर, पोष्ट बक्स ४८६, काठमाडौं नेपाल
फोन : ९७७ १ ५०१०२४०, ५०१०२७०, ९७४-५६१९३३७
वेब साईट : www.fpan.org, हेल्पलाइन: १६६००१४५०००



Printed Year: July, 2023, Funded by: DFAT/RESPOND Project


FPAN नेपाल परिवार नियोजन संघ | Australian Aid | IPPF



# टेष्ट ट्युब बेबी तथा बाँझोपन उपचार केन्द्र

# IVF & Fertility Care Center

**A Center for Complete Care of Infertile Couples**

"स्वस्थ आमा बाबु अनि स्वस्थ्य बच्चा"

# नेपाल परिवार नियोजन संघ बाँझोपन उपचार सेवा :

"बाँझोपन" भन्नाले महिला र पुरुषले कुनै पनि गर्भ निरोधको साधन प्रयोग नगरी नियमित यौन सम्पर्क गर्दा करिब १ वर्षसम्ममा पनि गर्भधारण नभएको अवस्थालाई बाँझोपन सम्झनु पर्दछ । नेपालमा लगभग १५ प्रतिशत प्रजनन् उमेर समूहका विवाहित दम्पत्तिहरुमा बाँझोपनको समस्या रहेकाले बाँझोपन पहिचान, रोकथाम र उपचार सेवा यी लक्षित समूहसम्म सहज रुपमा प्रदान गरी संविधान प्रदत प्रजनन् अधिकारलाई सुनिश्चत गर्न नेपाल परिवार नियोजन संघले हाल गुणस्तरीय र सर्वसूलभ टेष्ट ट्यूब बेबी तथा बाँझोपन उपचार सेवा सञ्चालन गर्दै आएको छ ।

नेपालमा भएका बाँझोपन निवारण सेवा केन्द्रहरुमा सिमित सेवा सुविधाहरू मात्र उपलब्ध भएतापनि साधारण मानिसको पहुँच भन्दा धेरै महँगो भएकाले, नेपाल परिवार नियोजन संघले सन् २०२१ देखि सस्तो, गुणस्तरीय र लान्छना रहित बाँझोपन उपचार सेवा सञ्चालनमा ल्याएको हो ।



## बाँझोपन कारणहरु :

बाँझोपन समस्या निम्न मध्ये एक वा बढी कारणहरूबाट हुन सक्दछ:

**महिलाहरुमा:**

- हर्मोन असन्तुलन भएमा ।
- पाठेघर वा अण्डाकोषमा ट्यूमर वा सिस्ट पलाएमा ।
- अत्याधिक अरुची वा धेरै खाने समस्या भएमा ।
- थाइरोइडको समस्या भएमा ।
- अत्यधिक वजन बढ्नु ।
- तनावमा रहनु ।
- कठोर व्यायाम गर्नु वा व्यायाम नगर्नु ।
- अत्यन्त छोटो महिनावारी चक्र हुनु ।
- अण्डा एकै साथ माला आकारमा बढ्नु र अण्डा निस्कन नसक्नु । (PCOD)
- फेलोपीयन ट्यूबको सूजक रोग हुनु ।
- लामो समयदेखि पाठेघरमा संक्रमण भएमा ।
- गर्भाशयमा पोलिप भएमा ।
- फाइब्रोइडको समस्या भएमा ।
- पेटको खत वा अप्रेसन गरेको ठाउँमा अन्य अंग टाँसिएको भएमा ।
- पुरानो दीर्घ रोग भएमा ।
- पहिले इक्टोपिक (ट्युबल) गर्भ रहेको भएमा ।
- जन्मदेखि नै कुनै समस्या भएमा ।
- रक्सी चुरोट वा लागु औषधीको प्रयोग गरेमा ।


**पुरुषहरुमा**

- वीर्य निस्कासनमा गडबडी हुनु ।
- लिङ्गमा समस्या देखिनु ।
- शुक्रबाहिनी नली बन्द हुनु, शुक्राणु नदेखिनु, शुक्राणु उत्पादन घट्दै जानु र शुक्राणु उत्पादन नहुनु, शुक्राणुको बनावट राम्रो नभएमा । **(Azoospermia, Oligospermia, Teratozoospermia)**
- रक्सी, चुरोट, सुर्तीजन्य गुट्खा वा लागु औषधीको प्रयाग गरेमा ।

## नेपाल परिवार नियोजन संघमा उपलब्ध सेवाहरु :


### १. सिरिन्जको माध्यमद्वारा गर्भधारण (Intra UterineInsemination )

यस विधिमा वीर्य निर्मूलीकरण गरिएको भाँडामा संकलन गरिन्छ र त्यसलाई प्रयोगशालामा सफा गरी मसिनो पाईपद्वारा Ovulation को समयमा महिलाको पाठेघरमा राखिन्छ ।



### २. ईनविट्रो फर्टिलाइजेशन (IVF)

यस विधिमा अण्डा र शुक्राणुलाई बाहिर निकालेर संयोजन गराई प्रयोगशाला हुने इन्कुबेटर उपकरण्मा निश्चित दिन सम्म राखिन्छ । यसरी बाहिरीरुपमा विकसित भएको भ्रुणलाई उपकरण मार्फत महिलाको पाठेघरमा प्रत्यारोपण गरिन्छ ।



### ३. ईन्ट्रा साईटोप्लाज्मीक स्पर्म इन्जेक्सन (ICSI)

यदी वीर्यमा शुक्राणुको संख्या प्रति मिलिलिटर ५ लाख भन्दा कम छ साथै शुक्राणु स्वस्थ र गुणस्तरीय छैन भने यस प्रविधिको माध्यमबाट एउटा स्वस्थ शुक्राणुलाई माइक्रोम्यानिप्युलेटरको मद्दतले अण्डामा इन्जेक्शन गरेर गर्भाधान गरिन्छ र विकसित भएको भ्रुणलाई उपकरण मार्फत महिलाको पाठेघरमा प्रत्यारोपण गरिन्छ ।